# १२ आरोग्यदाता प्रकृती

*यस अध्यायको निम्ति पढ्नुहोस्:* उत्पत्ति १:२७-२:२५, उत्पत्ति ३, यर्मिया १०:१२,१३, भजन १९:१-७, मत्ती ६:२५-३४, भजन १०४।

*स्मरण गर्नुपर्ने पद:* "सारा स्वर्गले परमेश्वरको महिमा गर्दछन्। परमेश्वरका हातले तिनीहरूलाई सृष्टि गर्नुभयो भनेर आकाशले बताउँदछन्। यसको बारेमा दिनदिनै बताइरहेकाछन्। रातरातै परमेश्वरका महिमालाई पुष्टि गरिरहेकाछन्।" भजन १९:१,२ रूपान्तरित।

परमेश्वरको आफ्नै स्वरूपमा आदम र हवालाई सृष्टि गरिएको थियो। यो भन्दा सिद्ध बरदान अरू के होला? अनि परमेश्वरले तिनीहरूलाई अदनको बँगैचामा राखिदिनुभएको थियो। यो भन्दा सुन्दरमय, रमणीय र सिद्ध स्थान अरू कहाँ होला? त्यस स्थानमा जन्मिने सन्तानहरूको सुख समृद्धिको निम्ति त्यहाँका वातावरण सिद्धरूपमा सन्तुलित थिए। मानसिक र शारीरिक सुस्वास्थ्यलाई हुर्काउने उत्कृष्ट बातावरण परमेश्वरले सृजना गर्नुभएको थियो।

तर पापले सबै भ्रष्ट पारियो। दोश्रो पुष्टामै ईर्ष्या, डाहा, घृणा, दुर्व्यवहार तथा हिंसाले अग्रज स्थान लियो। यसले गर्दा संसार दुर्गती र बिनाशको बाटोतिर लागे। प्राकृतिक वातावरण तथा पर्यावरण पनि पापको असरले प्रभावित भयो। जब पाप चरमसिमामा पुगे तब जलप्रलय भयो। यसले गर्दा पृथ्वीको प्रारम्भिक भौगोलिक बनावतमा पनि परिवर्तन भयो।

यद्यपि, सबै थोक विग्रियो भन्न मिल्दैन किनभने प्राकृतिक विश्वमा सुन्दरता र कल्याणकारी बातावरण अझै पनि विद्यमान छन्। हाम्रा आधारभूत आवश्यकताहरूलाई प्रकृतीले अझै पुऱ्याइ रहेकाछन्।

पापको भुमरीमा परेकाहरूलाई प्राकृतिक बातावरणले आनन्द, सुखी र सुस्वास्थ्य अझ दिनसक्दछन्।

हो, कतिपय समयमा प्रकृती पनि उदण्ड भएर भयङ्कर बिनाशकारी हुनसक्छ। भुकम्प, बाढिपहिरो, अनेक किसिमका आँधहरू आएर मानिसको जीवनलाई तहस नहस पारिरहेकाछन्। तर शारीरिक र मानिसिक स्वास्थको निम्ति प्रकृती हितकारी भइरहेकाछन्। यसले सृष्टिकर्तासँग नजिक हुन पनि सघाउन सक्छन्। सारा कल्याण तथा हितका श्रोत परमेश्वर नै हुनुहुन्छः "हरेक असल र उत्तम वरदान परमेश्वरबाटै आएको हुन्छ। यो परमेश्वर पिताबाट आउँदछन्। उहाँले नै जगतका ज्योतिहरूको सृष्टि गर्नुभएको थियो।"(याकूब १:१७ रूपान्तरित)।

## १. उत्कृष्ट वातावरण तथा पर्यावरण (उत्पत्ति १:२७-२:२५)

आज हामी, पापले गर्दा दागै दाग भएको र बिग्रिएको पृथ्वीमा जीइरहेकाछौं। हामीहरूका प्रथम् पुर्खा आदम र हवा कस्तो वातावरणमा थिए भनेर हामीले कल्पनानै गर्दसक्दैनौं। आज हामीले थाहा पाएका र भोगेका कुनै पनि पिडा, पाप, कष्ट, मृत्यु, शोक र भय आदि अदनको बँगैचामा आदम र हवाले अनुभव गर्नु परेको थिएन। अहिले हामी सबैले ती कुराहरूलाई भोगीरहेकाको कारणले तिनीहरू यस संसारका भाग होइन भनेर बिर्सन्छौं। ती तिनै कुराहरू हुन् जुन एक दिन यस संसारबाट सदाको निम्ति हराएर जानेछन् भनेर परमेश्वरले बाचा गर्नुभएको छ।

जीवन र वातावरण तथा पर्यावरण अदनको वँगैचामा कस्तो थियो भनेर देहायका पदहरूले चित्रण गरेकाछन्: उत्पत्ति १:२७-२:२५। आजको परिस्थितिभन्दा त्यसबेला कस्तो भिन्न थियो?

परमेश्वर आफैले बनाउनुभएको बँगैचामा नयाँ दम्पत्ति, आदम र हवालाई राख्नुभएको थियो (उत्पत्ति २:८)। बाइबलमा लेखिएका कथा छोटकरी छ। आज पनि हामीलाई प्रकृतीले अचम्मका चिजहरू

दिएर हामीलाई माया गरेका छन्। विभिन्न किसिमका फलफूल र तरकारीहरूको उत्पादनले हाम्रो जीवनलाई धाईरहेकाछन्। ती सबै प्रथम् बँगैचाबाट नै आएको हुनुपर्दछ। देख्ने, सुन्ने, चाख्ने, स्पर्श गर्ने र मिठो बास्ना आदि इन्द्रियहरूबाट पाउने वोधले आदम र हवालाई संतुष्ट पारेको हुनुपर्दछ। तिनीहरूको जीवन स्वस्थ र स्वच्छ थियो। अदनको बँगैचा यस पृथ्वीमा भएको स्वर्थ नै थियो।

नयाँ सृष्टि गरिएका मानव जाती, आदम र हवाको निम्ति वातावरण तथा पर्यावरण पनि उत्कृष्ट थियो भन्ने कुरामा शङ्का छैन। तिनीहरूलाईक चाहिने मानसिक, शारीरिक र भावानात्मक आवश्यकताहरू पूरा भएका थिए। अनिश्चित, मानसिक पिडा, चिन्ताफिक्रीको बारेमा तिनीहरू पूरै रूपमा अनभिज्ञ थिए। कारण किनभने ती परिस्थिति उब्जाउने कुनै बातावरण नै थिएन।

"मानिसको स्वास्थ र सुखलाई अत्यन्त आवश्यकता भएको बातावरण सृष्टिकर्ताले हाम्रा प्रथम् मातापिताको निम्ति सृजना गर्नुभएको थियो। उहाँले कुनै दरवार वा मानिसले बनाएका ऐश आराम भएका भवनहरूमा उनीहरूलाई राख्नु भएन, न त तिनीहरूको वरिपरि नै थिए। आज धेरै मानिसहरू त्यसको निम्ति दौडढुप गर्दछन्।...परमेश्वरले आफ्ना सन्तानको निम्ति तयार गर्नुभएको घरमा जताततै सुन्दर फुलहरू र बिभिन्न बोटबिरुवाहरू थिए। त्यहाँ अनगिन्तियौं खालका रूखहरू थिए जसमा मिठो-वास्ना भएका स्वादिष्ट फलफुलहरू थिए। ती रूखका हाँगाहरूमा विभिन्न थरीका चराहरूले मिठो स्वरले प्रशंसाका गीतहरू गाएका थिए। ती रूखका छहारीहरूमा पृथ्वीका बिभिन्न जन्तुजनावर बिना डर सँगसँगै खेलेका थिए।"-एलेन जी ह्वाइट, *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. २६१।

अदनको बँगैचा कस्तो थिए होला, कल्पना गर्न खोज्नुहोस्। हामीहरूका इन्द्रियहरूलाई आनन्द बनाउने दृष्य, स्वाद वास्ना आदिको बारेमा सोच्नुहोस्। हाम्रो शारीरिक शरीरहरू असल छन् र तिनीहरूलाई

तन्दुरुष्ट राखेर त्यसमा आनन्दित हुनुपर्छ भनेर अदनको बँगैचामा सृजिएका वातावरण तथा पर्यावरणले हामीलाई के भन्दछन्?

## २. पाप र प्रकृती अर्थात् पर्यावरण (उत्पत्ति ३)

आजको प्रकृतीमा भएका जुन आश्चर्य र सौन्दर्यहरू छन् ती दुई धारे तरवार भएका छन् भन्न आश्चर्य नहोला। हो, सुन्दर र अचम्मका कुराहर छन्। तर अनिकाल, भुखमरी, भुकम्प, आँधीवेरी, विभिन्न किसिमका रोगहरूका आक्रमणले यस पृथ्वी भयङ्कर पिडाले ग्रष्ट भएका छन् भनेर हामीलाई स्पष्ट गर्दछन्। सुन्दर पृथ्वी, अत्यन्त नराम्रो बाटोमा गइरहेकाछन्।

मानिसको पतनको बारेमा उत्पत्ति ३ पढ्नुहोस्। जब आदम र हवाले परमेश्वरको सट्टा कपत साँपरूपी सैतानको सरासर कुरा सुने तब मानिस र प्रकृतीमा नराम्रो परिवर्तन भयो। यो थियो पापको फल।

मानिसको अध्यात्मिक र शारीरिक स्वभावमा पापले परिवर्तन ल्यायो। प्रकृती, बातावरण वा पर्यावरणले पनि पापले गर्दा कष्ट सहनुपर्‍यो। पापले गर्दा सृष्टिमा कमसेकम तिन किसिमका भयङ्कर परिणामहरू भएः

क. अत्यन्त उर्वरा जमिन श्रापित भए (उत्पत्ति ३:१७)। अदनको बँगैचा छोडेपछि आदम र हवालाई जमिनमा काम गर्न समस्याहरू खडा भएका थिए। जमिनमा अनावश्यक काँडा र सिउँदीहरू उम्रन थाले। स्वस्थ बिरुवालाई बिगार्न अनेक किसिमका किराहरू पनि निस्कन थालेको हुनसक्छ। जब जलप्रलय भयो तब त पृथ्वी झन खराबै नै भयो।

ख. मानव जगतले ठूलो परिवर्तन भएको महशूस गरे। थकित, पेलान र दर्द यथार्थ नै भयो। श्रीमान र श्रीमतीको बिचको सम्वन्धमा पनि परिवर्तन भयो। गर्भवती हुने बेलामा हवाले कष्ट भोग्नु परेको थियो भनेर पनि यस अध्यायले बुझाउँछन्। आदमको सम्वन्ध पृथ्वीसँग पनि परिवर्तन भयो। अनि पहिलेको भन्दा अब काम पनि धेरै गाऱ्हो हुन

गएको थियो। आदम र हवालाई कतिकुराहरू थाहा छ वा छैन भन्ने कुरा हामीलाई थाहा छैन, तर पापले गर्दा तिनीहरूको उमेर ढल्किनेछ र मर्नेछ भन्ने त बुझेकै होला। यसले गर्दा सुमधुर जीवन पूरै रूपमा परिवर्तन भएको थियो।

ग. पापले गर्दा मानव र जनावरको स्वभाव पनि परिवर्तन भयो। घृणा, ईर्ष्या, स्वार्थीपना आदिले गर्दा रिस र हिँसात्मक स्वभावले मानिसको हृदयमा अड्डा जमायो। मानिस र जनावरको बिचको सम्वन्ध पनि बिग्रियो। केहि हदसम्म हामीले अहिले भोगेका कुराहरू, आदम र हवाले पनि देख्नुपरेका थिए भन्नुपर्दा बेठिक नहुन सक्छ। खाना र बल देखाउन जनावरहरू एक आपसमा मार्न थाले। पाप र हिँसा यस्तरी बढ्यो कि यस संसार सृष्टि गर्नुभएकोमा परमेश्वर दुःखित हुनुभयो भनेर उत्पत्ति ६ः३-७ले बताउँदछन्।

हो, पापले गर्दा भएका सबै परिवर्तनको सत्य रूप हामीलाई देखाइएको छैन। तर जे भएपनि पापले गर्दा सारा सृष्टिमा अत्यन्त ठूलो परिवर्तन भयो भन्ने कुरामा हामी यकिन त छौं। यद्यपि, परमेश्वरको असिमित प्रेम तथा सदाशयताले गर्दा प्रारम्भिक सृष्टिका अचम्म कुराहरू हाम्रो हितको निम्ति उहाँले सुरक्षित राख्नुभएको छ।

तपाईंका वरिपरि भएका प्राकृतिक सौन्दर्यहरू हेर्नुहोस्। अदनको बँगैचामा भएका के सृष्टिहरू अझै पनि तपाईंले देख्न सक्नुहुन्छ होला? तिनीहरूबाट के पाठ सिक्नसक्छौं जसले गर्दा आउने संसार राम्रो हुनेछ भनेर हामी आशावादी हुनसक्छौं?

## ३. प्राकृतिक श्रोतहरूः परमेश्वरका वरदान (यर्मिया १०ः१२-१३)

परमेश्वर र उहाँका शक्ति वास्तविक छन् भनेर प्रभावशाली रूपमा देखाउने प्रमाण प्राकृतिक संसार हो। तर प्रकृति आफै सृष्टिकर्ता परमेश्वर होइन। दुर्भाग्यवस सैतानले अभिप्रेरित गरेको कारणले मानिसहरू जीवित परमेश्वरबाट तर्केर सृष्टिकर्ताको सट्टा सृष्टिलाई पूजा गरिरहेकाछन् (हेर्नुहोसःरोमी १ः१९-२५)।

परमेश्वरको सृष्टि गर्ने शक्ति प्रकृतिमा कस्तो छ भनेर यर्मिया १०:१२,१३ले चित्रण गरेको छ। हेर्नुहोस्। परमेश्वरले सृष्टि गर्नुभएको कामहरूबाट उहाँको चरित्रको बारेमा हामीले के सिक्नसक्छौं?

प्रकृति कहिलेकाहिँ हाम्रो खिलाफमा जान्छ भन्ने कुरा हामी सबैलाई थाहा भएकै कुरो हो। बिभिन्न दैवी प्रकोप, जस्तै भुकम्प, ज्वालमूखी, बाढीपहिरो आदिबाट हामीलाई त्राहि त्राहि बनएकाछन्। प्रकृतिबाट यस्ता विनाशकारी र आतङ्ककारी प्रकोपहरू किन र कहाँ हुन्छन् भन्ने कुराको जवाफ हामीसँग अहिले तुरन्तै छैन। तर परमेश्वर र सैतानको बिचमा भइरहेको महान् अन्तरद्वन्दको बारेमा अयूबको पुस्तकको प्रथम् केहि अध्यायहरूले देखाएकाछन्। सैतानले प्रकृतिका शक्तिहरूलाई नराम्रो उद्देष्यको निम्ति परिचालन गर्न सक्छ भन्ने कुरो हामीलाई थाहा छ। हो, प्रकृतिबाट भयङ्कर आततायी घट्नाहरू भइरहेकाछन्, तैपनि प्रकृतिबाट नै परमेश्वरका असल गुणहरू पनि अझै हामीले देखिरहेकाछौं।

भजन १९:१-६ पढ्नुहोस् र यसबारे तपाईंको व्यक्तिगत धारणा कोर्नुहोस्।

सेभेन्थ-डे एडभेन्टिस्टहरूले प्रकृतिलाई हरदम परमेश्वरको दोश्रो पुस्तकको रूपमा लिइरहेकाछन्। बाइबलचाहिँ प्रथम पुस्तक हुन्। पवित्र आत्माको अगुवाईमा यदि हामीले प्राकृतिक संसारलाई अध्ययन गऱ्यौं भने परमेश्वरमा हाम्रो विश्वास र भरोसा अगाढ हुनसक्छन्। आफ्ना सृष्टिमा परमेश्वरको प्रेम कस्तो छ भनेर पनि अझ राम्ररी हामीलाई बुझाउन सक्दछन्। यसले हामीलाई मानसिक र आत्मिक सान्त्वना मिल्नसक्दछन्। कहिलेकाहिँ हामी निराश भएर अनुहार अंध्यारो हुन्छ त प्राकृतिक सौन्दर्यले हामीलाई ठूलो सान्त्वना र आशालाई औंल्याउँछन्।

कसैलाई तपाईंले परमेश्वरका गुणहरू प्राकृतिक सम्पदाबाट बुझाइरहनुभएको छ रे। अनि त्यस ब्यक्तिले सुनामी, भुकम्प, भुखमरी,

अनिकाल र अरू प्राकृतिक दैवीकप्रकोपका विषयहरू तपाँई सामु ल्याउँदछन्। त्यसको जिज्ञासा तपाईंले कसरी मेटाउने? प्रकृतीमा हुने यी भयङ्कर प्रकोपहरूले गर्दा परमेश्वरको सबै चरित्रलाई चित्रण गर्न सक्दैनन् भनेर हामीले कसरी जान्ने?

## ४. प्रकृतिबाट परमेश्वरसँग सम्वाद (मत्ती ६:२८)

एक जना जिन्दगीभर नास्तिक भएको युवक बिस वर्षको उमेरमा येशू ख्रीष्टलाई ग्रहण गरे। आफ्नो नयाँ जन्मको अनुवभले गर्दा उनी धेरै वर्ष गाउँको वातावरणमा समय बिताए। उनी जङ्गलमा बराबर जान्थे र त्यहाँ भएका परमेश्वरको सौन्दर्य बोटबिरुवा आदिहरूको विषयमा बढो उत्सुकतासाथ अध्ययन गर्थे। हो, पहिले पनि प्रकृतिका सौन्दर्यहरूलाई उसले देखेका थिए। तर अब अध्ययन गरेपछि उनले सृष्टिकर्ता परमेश्वरको चरित्रलाई अझ राम्ररी बुझ्न सक्ने भए। उनले भने, “जीवनको पहिलो पल्ट मेरो आँखाहरू खुलेको जस्तै भए।" प्रकृतिको बारेमा अध्ययन गरेपछि यस नव ईसाइ युवक परमेश्वरको बारेमा यथार्थ ज्ञान प्राप्त गरे।

प्राकृतिक सौन्दर्यलाई अध्ययन गरेरहामीले के सिक्नसक्छौं भनेर येशूले हामीलाई भनिरहनुभएको छ? हेर्नुहोस्ः मत्ती ६ः२५-३४।

निःसन्देह परमेश्वरले सृष्टि गर्नुभएको संसारबाट हामीले धेरै महत्वपूर्ण अध्यात्मिक पाठहरू सिक्नसक्छौं। तर प्रकृतिले आध्यात्मिक रूपमा अर्को पाठ पनि हामीलाई सिकाउन सक्दछन्। येशूको बारेमा लूकाले भनेकाछन्, “उहाँ एकलै जानुभयो र प्रार्थना गर्नुभयो।" (लूका ५:१६ रूपान्तरित)। एलेन जी ह्वाइटले येशूको यो कामलाई बारम्वार दोहऱ्याउनुभएकी छिन्। कहिलेकाहिँ हामी पनि सबै थोकबाट टाडा गएर प्राकृतिक वातावरणमा भिज्न जानुपर्दछ, जहाँ हामी परमेश्वरसँग एक्लै हुनसक्छौं। प्राकृतिक संसारले प्रायजसो हामीलाई सान्त्वना, शान्ति र सौन्दर्य दिंदछन्। हाम्रा मन र दिमागमा प्रकृतिबाट यी कुराहरूले बोल्नसक्दछन् जुन अरू कुनै माध्यमबाट बोल्नसक्दैनन्।

यसको मतलब यो होइन कि यदि हामी प्राकृतिक सौन्दर्यमा ध्यान गर्न गयौं भने अचानक नयाँ सत्य वा बाइबलका सिद्धान्तको बारेमा सिक्नेछौं। तर परमेश्वरको प्रेम यी मौन प्राकृतिक श्रोतहरूबाट बुझ्न र सुन्दर संसारका सृष्टिकर्ताको बारेमा अझ थाहा पाउन सक्दछौं। जुनसुकै प्रकारबाट परमेश्वरको उपस्थितिको आभास हामीले पाएतापनि प्राकृतिक वातावरणमा एक्लै हुँदा हामी परमेश्वरको नजिक भएको महशूस गर्नसक्छौं। यसले हाम्रो शरीर र आत्मालाई शान्ति र पुनर्जिवित पार्नसक्दछन्।

“परमेश्वरबाट तालिम पाएका सबैले हृदयमा, प्रकृतिमा र परमेश्वरमा मौन रहने समय निकाल्नु आवश्यकता छ। संसारका चालचलन, संस्कार आदिबिना परमेश्वरमा असल जीवन बिताउन सकिन्छ भन्ने कुराहरूलाई तिनीहरूले थाहापाउन आवश्यक छ। अनि व्यक्तिगत रूपमै परमेश्वरको इच्छाको ज्ञानलाई तिनीहरूले अनुभव गर्नुपर्दछ। प्रत्येकले परमेश्वरको आवाज हाम्रो हृदयमा बोलीरहनुभएको छ भनेर थाहा पाउनुपर्दछ। जब हामी परमेश्वरको नजिक मौन रहन्छौं उहाँलाई पर्खन्छौं, तब हाम्रो शान्त आत्माले परमेश्वरको आवाज स्पष्ट रूपमा सुन्नसक्दछौं।"-एलेन जी ह्वाइट, दि मिनिस्त्री अभ हिलिङ्ग, पृ. ५८बाट रूपान्तरित।

तपाईं प्रकृतिमा रहेर परमेश्वरसँग प्रार्थना र बातचित पछिल्लोपल्ट कहिले भएको थियो? यहि गर्न खोज्नुहोस्। यसबाट कस्तो सकारात्मक आध्यात्मिक अनुभव तपाईंले पाउनु होला भन्ने कुरामा तपाईं छक्क पर्नुहुनेछ।

## ५. भजन १०४

अमेरिकामा सन १८००को दशकमा एक प्रकारका आस्तिक विश्वास लोकप्रिय थियो। परमेश्वरले यस संसार सृष्टि गर्नुभयो र त्यसपछि उहाँले यस संसार छोडेर कतै अलप हुनुभयो भनेर यस डिएजम् आस्थाले सिकाउँथ्यो। यसको अर्थ यो हुन आउँछ, परमेश्वरको

अस्तित्व त छ तर यस संसार र मानव जगतप्रति उहाँको चासो छैन। यसले गर्दा मानिसको कुनै पनि क्रियाकलापमा उहाँ सँलघ्न हुन चाहनुहुन्न।

तर यो विश्वास बाइबलको शिक्षा बिपरित छ। उहाँले यस पृथ्वीलाई केवल घडीलाई घुमाएर छोडेको जस्तै गर्नु भएको छैन। यहाँ भएको प्रत्येक क्रियाकलापमा परमेश्वर सहभागी हुनुहुन्छ भनेर बाइबलले सिकाउँछन्। नत्र भने क्रुसको अर्थ के रह्यो त यदि मानव जीवनमा परमेश्वर सिधै र व्यक्तिगत रूपमा सँलघ्न हुनुहुन्न भने।

सृष्टिमा परमेश्वरको काम र प्राकृतिक जगतको बारेमा भजन १०४ले के बखान गर्दछ?

परमेश्वरले यस संसारलाई सृष्टि गर्नुभएर त्यसलाई सम्हाल्नुभएकोमा भजनका लेखक अत्यन्त उल्लेसित भएको आभास हामी पाउँछौं। परमेश्वरको स्तुति र प्रशंसा लेखकले ठूलो स्वरमा चिच्याइरहेको ती शव्दहरूबाट तपाईं सुन्नुहुन्छ होला। प्राकृतिक संसारको दैनिक परिचालनमा परमेश्वर क्रियाशील भएको यस भजनका लेखकले देखेको पाउँछौं।

तर यस भजनका परमेश्वर डिएजम् अर्थात् यस संसारलाई सृष्टि गरेर पलायन हुनुभएको देवता होइन भनेर बताइएको पाउँछौं। यस संसारमा जे भएतापनि उहाँको चासो छ र कुनै न कुनै रूपमा उहाँ संलघ्न हुनुभएको छ। यस भजनको लेखकले केहि व्यक्तिगत दुःख कष्ट भोगीरहेका थिए होलान्, तैपनि उनको सान्त्वना र आशा परमेश्वरको शक्तिमा अटल भएको देखाइएको छ। हो, गुँडमा बसेको चराले वा खानाको निम्ति चहारेका सिँहले यस व्यक्तिले सामना गरिरहेका समस्याको हल हुँदैन। तर परमेश्वरको भलाई र शक्तिलाई प्रकृतीले कसरी देखाइरहकाछ्न् भनेर यस भजनका लेखकले व्यक्त गर्दछन्। यसैले गर्दा यस व्यक्तिलाई आशावादी बनाएको छ।

शरीर, दिमाग र आत्मालाई चँगाई गर्न प्रकृतीको ठूलो भूमिका रहनसक्छ। ताजा हावा, घाम, पानी र स्वस्थकर खानाले मानिसको

शारीरिक र मानसिक स्वास्थलाई अचम्म काम गर्नसक्छन्। मानिसको सुस्वास्थ र रोगमुक्तको निम्ति प्राकृतिक उपचार प्रभावशाली भैरहेकाछन्।

कतिपय चिकित्सकहरूले मानिसहरूलाई काम र तनावबाट राहत पाउन प्राकृतिक वातावरणमा गएर आराम तथा विश्राम लिन सुझाव दिँदछन्। हाम्रो शारीरिक र मानसिक सुस्वास्थको निम्ति प्रकृति कति राम्रो छ भनेर अनुसुन्धानकर्ताहरूले देखाएका छन्। हुन त, परमेश्वरले हाम्रा प्रथम् पूर्खा आदम र हवालाई शहरी वातावरणमा होइन तर बँगैचामा राख्नुभएको थियो। जब हामी फूलहरू देख्छौं तब हाम्रो मनमा आनन्द आउँछन् जुन आनन्द सिमेन्टले पोतेको जमिनले दिँदैन।

प्रकृति वा प्राकृतिक सौन्दर्य परमेश्वरको महान बरदान हुन्। यसबाट हामीले सकेसम्म फायदा लिन सक्नुपर्दछ। परमेश्वरले दिनुभएको प्रकृतिका बरदानलाई तपाईंले कुन कुन रूपमा फायदा लिन सक्नुहुन्छ?

**उपसंहारः**

<u>थप जानकारी:</u> "जब मानिसका छोराछोरीहरूले यस पृथ्वीमा घर बनाउँछन् तब हाम्रा पहिला आमाबाबु आदम र हवाको घर नमुनाको रूपमा लिनुपर्दछ। परमेश्वरकै हातबाट सृजना गर्नुभएको बँगैचे घर अन्यन्त रमणीय र सुन्दर थियो। तर त्यो कुनै भव्य भवन थिएन। मानिसहरूले खुबी र अहँ देखाउन अनेकन् महँगो र भव्य भवनहरू बनाउँछन्। आफ्ना कामहरूदेखि गौरव गर्दछन्। तर परमेश्वरले आदमलाई बँगैचामा राख्नुभयो। यहि नै आदमको घर थियो। निलो आकाश त्यस घरको छानो थियो। पृथ्वीमा भएका रँगीचङ्गी फूल तथा हरिया घाँसहरू जमिनको रग थिए। अनि रमणीय रुखका हाँगाहरू त्यस घरलाई छोपेका थिए। अति महान गुरू चित्रकारले त्यस घरका पर्खालहरूलाई सुन्दरमय तरिकाले आफ्नै हातले सजाउनुभएको थियो।

जुन वातावरणमा आदम र हवा थियो, त्यो हाम्रो निम्ति ठूलो पाठ हुनुपर्दछ। जथाभावी धेरै सम्पत्ती खर्च गरेर मानिसको अभिलाषालाई पूरा गर्ने अलङ्कारले भरिएको घरमा रहेर सच्चा सुःख र आनन्द पाउँदैन तर परमेश्वरले सृष्टि गर्नुभएको कामहरूमा नजिक रहेर पाउँछौं। यदि मानिसले बनाएको चिज र नक्कली कुराहरूलाई कम ध्यान दिएर परमेश्वरको सृष्टिमा नजिक आउन सक्यो भने मानिसलाई परमेश्वरको उद्देष्य थाहा पाउनेथियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ४९,५०बाट रूपान्तरित।

"मानिसको दिमाग र चरित्रलाई आदर्शमय बनाउन जीवन र प्रकृतिका रहस्यहरूको नजिकै रहेर लगनशीलताका साथ अध्ययन गर्नुपर्दछ। साथै परमेश्वरका सुन्दर सृष्टिहरूको हेरचाह पनि गर्नुपर्दछ।"-एलेन जी ह्वाइट, द आदभेन्टिस्ट होम, पृ. १४३बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. प्रकृतिक सौन्दर्यताप्रति मुग्ध हुने तर यसमा रहेका जीवित अजीवित प्रकृतिका चिजहरूलाई देवता भनेर हामीले पूजा गर्नु हुन्न। तर मुग्ध हुने र पूजा गर्नेको बिचमा कसरी धर्को तान्ने? के यो थाहा पाउन कठिन छ त? प्रकृति जतिसुकै रमणीय, सुन्दर वा अचम्म भएतापनि त्यसले हामीलाई उद्धार गर्न सक्दैनन्। तर प्रकृति सृष्टि गर्ने परमेश्वरले मात्र हामीलाई मुक्ति दिन सक्नुहुन्छ। यो सत्यतालाई हामी हरदम किन मनमा राख्नुपर्दछ?

ख. हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले वातावरण तथा पर्यावरणको बारेमा कस्तो धारणा छ? चर्चका विश्वासीले गरेको यस्तो तर्कलाई तपाईंले के भन्नुहुन्छ, "हामीलाई थाहा छ येशू छिट्टै

आउँदै हुनुहुन्छ। यस सारा संसारको नाश हुनेछ र फेरि नयाँ सृष्टि हुनेछ। त्यसकारण के प्राकृतिक वातावरण वा पर्यावरणप्रति हामी चिन्ता गर्नुपर्छ र?"

ग. मानिसहरूले गरेका विभिन्न आविश्कार र वैज्ञानिक प्रगतिहरूले परमेश्वरको प्रेम र शक्तिको प्रशसा गर्न हामीलाई कसरी सघाउँछन्? प्राकृतिक संसारमा रहेका जति पनि कुराहरू अहिले हामीलाई थाहा छ ती कुराहरू केहि शताव्धीका मानिसहरूले कल्पना नै गर्न सकेका थिएनन्। यसबारे सोच्नुहोस्। परमेश्वरका सृष्टि गर्ने अचम्मका शक्तिलाई अहिले हामीले कुन तरिकाहरू अपनाएर राम्ररी बुझ्न सकिने भएकाछौं?